# नेपाल न्यूज एक्सप्रेस

nepalnewsexpressdaily.com

Nepal News Express Daily

दैनिक

वर्ष : १ | अंक :१४८ | २०७८ साल, चैत्र ०२ गते बुधवार | Wednesday 16 March, 2022 | पृष्ठ : ४ | मूल्य रु. ०५ / -


## जगरनाथपुरको नेपाल राष्ट्रिय माद्यामिक विद्यालयमा विद्यार्थीले गरे तालाबन्दी



वीरगञ्ज, १ चैत । पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर ५ स्थित श्री नेपाल राष्ट्रिय माद्यामिक विद्यालय मसिहानीमा विद्यार्थीहरुले प्रदर्शन गरेका छन् । बालविकासदेखि कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा विषयगत शिक्षकको अभाव र भएका शिक्षकहरुको पनि अनियमितता भएको भन्दै विद्यार्थीहरुले तालाबन्दी गर्दै प्रदर्शन गरेका हुन् ।

मंगलवार बिहान ११ बजे विद्यालयको डेस्क बेञ्च तोडफोड गरेका कक्षा १० सम्मका विद्यार्थीहरुले २ बजे तालाबन्दी गरेको कक्षा १० मा अध्ययनरत छात्र राज पटेलले बताए ।

पटेलले यात्रा डेलीसँग कुराकानी गर्दै भने, 'कक्षा १२ सम्म पढाई हुने विद्यालयमै विषयगत शिक्षक छैनन् । भएका ७/८ जनामा पनि पालैपालो विदा लिन्छन्, आज एक जना आउँदैन, भोली अर्को आउँदैन । हेडसर पनि महिनामा ५/६ पटक विद्यालय आउनुहुन्छ ।'

यसअघि पटक पटक विषय गत शिक्षक र नियमित पठनपाठन गराउन भन्दै माग गर्दा पनि वेवास्ता गरेपछि तालाबन्दी गर्न बाध्य भएको पटेलको भनाई छ ।

**बाकी चौठो पृष्ठमा........**

## पोखरियाका वडाअध्यक्ष सिमानन्द चौहानसहितको समूह एमालेमा प्रवेश



बीरगन्ज,०१ चैत । पर्साको पोखरिया नगरपालिका-६ का वडाअध्यक्ष सिमानन्द चौहानसहितको समूह एमालेमा प्रवेश गरेको छ ।

चौहानसहित जसपा र माओवादी केन्द्रका जनप्रतिनिधिहरु मंगलबार भक्तपुरमा आयोजित एक कार्यक्रमबीच एमालेमा प्रवेश गरेको हो ।

राष्ट्रिय युवा संघ नेपालको आयोजनामा भएको पार्टी प्रवेश कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीले चौहानसहितलाई पार्टीमा स्वागत गरेका थिए ।

चौहानसँगै एमाले प्रवेश गर्नेमा समाजवादी विद्यार्थी युनियनका मुख्यसचिव राकेश महतो पनि छन् । उनीहरुलाई अध्यक्ष ओलीसहितले खादा र माला लगाएर स्वागत गरे । वडाध्यक्ष चौहानले आफूसहित साढे ५ सय जना कार्यकर्ताहरु एमालेमा प्रवेश गरेको बताएका छन् ।

## कांग्रेसकी नेतृ एवम् पूर्व मन्त्री दुर्गा देवी महतोको निधन





वीरगंज । नेपाली कांग्रेसकी नेतृ एवम् पूर्व मन्त्री दुर्गा देवी महतोको निधन भएको छ ।

वीरगंज महानगरपालिकाको वडा नं. १२ मुर्ली निवासी ४५ बर्षिय महतोको मंगलबार विहान ३ बजे मृत्यु भएको हो । भारतको दिल्लीस्थित अपलो हस्पिटलमा ६ महिलादेखि उपचाररत कैंसर रोगी महतोलाई ३ दिन पहिला मात्र वीरगंज ल्याइएको थियो । वीरगंज ल्याइएको महतोलाई नेशनल मेडिकल कलेजमा राखिएको थियो । मृत्यु भएको महतोको आजै अन्त्येष्टि गरिएको छ । वीरगंज श्रीपुरस्थित आर्य घाटमा अन्त्यष्टि गरिएको हो । अन्त्येष्टि गर्नु अघि महतोलाई नेपाली कांग्रेसका केन्द्रिय सदस्य रमेश रिजाल, जिल्ला सभापति जनार्दन सिंह क्षेत्री, क्षेत्रिय सभापति महमद सहाबुदिन, अरविन्द गुप्ता लगायतका नेताले पार्टीको झन्डा ओढाएर श्रद्धान्जली दिएका थिए ।

महतो तत्कालिन मधेशी जनाधिकार फोरम नेपालबाट संविधान सभा सदस्य एवम् नेपाल सरकारको बतावरण राज्यमन्त्री भएकी थिइन ।

## प्रसौनी गाउँपालिका द्वारा अनुगमन पर्वको बेला उपभोक्ता नठगियोस



प्रसौनी गाउपालिका को उपभोक्ता हित संरक्षण समिति सम्योजक गाउपालिका उपाध्यक्ष गिता साहको नेतृत्वमा बजार अनुगमन गर्न आएका प्रतिनिधि हेरि प्रसौनी गाउपालिकाका बजारमा रहेका पसलका सटर धमाधम बन्द गरिएको पाईएको छ। पसल सन्चालकहरुले कुरै नबुझी सटर बन्द गरेको गाउपालिका उपाध्यक्ष गिता साहले बताईन । साहले सबै जना सङ्ग पालिकामा आ आफ्नो ब्यवसाय दर्ता गर्नुस भनेर हामिले सम्झाउन र उपभोक्ता नठगियोस भनेर अनुगन सङ्गै सचेतना फैलाउन हिडेको बताईन। होलि पर्वको बेला कहि कतै अस्लिल गित नबजोस र डिजे नबजोस भन्दै सबैलाई आग्रह गरिएको समेत साहले सोही अवसरमा बताइन ।

प्रसौनी मुख्य बजारका पसलहरुमा अनुगमन टोलिले बजार अनुगमन गर्दै म्याद गुज्रेका समानको छनबिन सहित पालिका भित्रका सन्चालित सबै पसललाई पालिका भित्र पनि दर्ता गर्न भनेर सुचित गराईएको छ । अनुगमनका क्रममा एउटा किराना पसलमा जाँच गर्दा भुजिया मा म्याद

**बाकी चौठो पृष्ठमा........**

## पोखरिया अस्पतालको शल्य चिकित्सा कक्ष र सघन उपचार कक्षको समुद्घाटन



बीरगन्ज, १ चैत्र- नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले एक समारोहका बीच पोखरिया अस्पतालको शल्य चिकित्सा कक्ष र सघन उपचार कक्षको समुदघाटन गरे ।

प्रमुख अतिथि नेउवामहासंघका वरिष्ठ उपाध्यक्ष ढकालले उदघाटन गर्दै निजीक्षेत्र नाफामूलक कार्यको लागि मात्र नभई रोजगारी सिर्जना गर्ने, राजस्व वृद्धि गर्दै सामाजिक कार्यको लागि पनि रहेको र त्यसको प्रत्यक्ष उदाहरणको रुपमा बीउवासङ्घद्वारा निर्माण गरिएको पोखरिया अस्पतालको शल्य चिकित्सा कक्ष र सघन उपचार कक्षको निर्माणलाई लिन सकिने उनले बताए । कोभिडको संक्रमणकालमा उद्योग वाणिज्य सङ्घहरुले अस्पतालहरुसँग सहकार्य गरेर आइशोलेशन सेन्टरको व्यवस्थापन, बिरामीहरुको उपचार, स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन

**बाकी चौठो पृष्ठमा........**

## ओलीको कटाक्ष : नारामा बेटी बचाउ, व्यवहार साइकल पचाउ



जनकपुर,०१ चैत । एमाले अध्यक्ष केपी ओलीले मधेश प्रदेश सरकारको नारा र व्यवहार फरक रहेको भन्दै कटाक्ष गरेका छन् ।

भक्तपुरको रोयल थाई इभेन्ट राधे राधेमा एमाले पर्सा-काठमाडौं सम्पर्क मञ्चले मंगलबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले मधेश प्रदेश सरकारको नारामा 'बेटी बढाउ, बेटी बचाउ' रहे पनि व्यवहार साइकल पचाउ रहेको आरोप लगाएका हुन् ।

'नारा लगाउँदा 'बेटी बढाउ, बेटी बचाउ' भन्ने । व्यवहारमा साइकल पचाउ काम । तपाइँहरुको मधेश प्रदेशको आकर्षक नारा सुन्नुभयो होला,' ओलीले भने । 'बेटी बढाउ, बेटी बचाउ' नारा लिएको मधेश प्रदेश सरकारले छात्रालाई साइकल बाँडेको थियो । मधेश प्रदेश पर्यटकको हिसाव एकदमै राम्रो रहेको जानकारी दिँदै उनले सुनकोसी डाइभर्सन बनेपछि यस क्षेत्रको सिँचाइ सुविधा पुग्ने बताए ।बीरगन्ज-काठमाडौं रेल चल्ने बताएका उनले धार्मिक पर्यटनको हिसावले मधेश प्रदेश उत्कृष्ट रहेको बताए ।

## नेपाल न्यूज एक्सप्रेस दैनिकको लागी

प्रकाशक : अमिर मंसुरी
कार्यकारी प्रकाशक : सहन पौडेल
सम्पादक : सञ्जना कुमारी
कार्यकारी सम्पादक : शाहरूख मंसुरी
कानुनी सल्हाकार : मेराज मियाँ
बजार व्यस्थापक : आफताब राय
कप्युटर अपरेटर : मोरध्वज यादव
सम्पर्क कार्यालय : वीरगंज-१३ पर्सा (पावरहाउस)
मुद्रक : पौडेल अपसेट प्रेस, वीरगंज
सम्पर्क नं.: ९८५५०१२७०१
nepalnewsexpressdaily@gmail.com


# अरूको छोरी माल, तिम्रो छोरी लक्ष्मी ?

-खासै गाह्रो छैन म सिकाइदिन्छु । उनले टाउको हल्लाउदै सहमति जनाइन् । उनी खुसी पनि थिइन्, अब एकाउन्टिङ पनि सिकिने भयो भनेर । दुई घण्टापछि बोस ट्याली सिकाइदिने भन्दै आए । सविना आफ्नो कुर्सीमा थिइन्, कम्प्युटर अगाडि थियो । पछाडिबाट उनलाई पुरै कभर हुने गरी धाप मार्दै बोसले कम्प्युटरको माउसमाथि रहेको उनको हातमाथि हात राखेर 'यसो गर, उसो गर' भनेर सिकाउन थाले । तर सविनाको ध्यान पछाडिबाट बोसको छाती आफ्नो ढाडमा ढुक्कले टँसाएको र आफ्नो हातमाथि रहेको बोसको इन्टेसनतिर केन्द्रीत रह्यो ।

मनमा यावत प्रश्न उब्जे पनि वातावरण सहज होस् भनेर उनले आफ्नो शरीर थोरै अगाडि सारिन् । यो अवस्था असहज भएको बोसले थाहा पाओस् भन्ने उनको मनसाय थियो । एकछिनमा विस्तारै बोस अगाडि सर्यो र पहिले जस्तै टाँसियो । उनी फेरि अगाडि सरिन् । तर उनी जति अगाडि सरिन्, बोस उति अगाडि बढ्दै टाँसिए । अगाडि सर्दै गर्दा सविनाको टाउको कम्प्युटरको स्क्रिनमा गएर ठोक्कियो र भनिन् 'सर यहाँ भन्दा अगाडि सर्ने ठाउँ छैन,' उनको कुराले बोस झनक्क रिसायो । ऊ कम्प्युटरको माउस बजार्दै क्याविनबाट निस्कियो ।

त्यो दिनदेखि अफिसमै उनको र बोसबीच बोलचाल भएन । केही दिनमा अचानक ह्युमन रिसोर्सले उनलाई बोलायो र भन्यो 'तपाईंले अफिसमा मन लगाएर काम गुर्नभएको छैन । पर्फमेन्स यस्तै रहेमा अर्को महिनादेखि बाँकीको एग्रिमेन्ट अगाडि बढ्दैन, काममा कन्सनटेन्ट हुनुस् ।'

ह्युमन रिसोर्सको कुरा सुनेर सविना अचम्म परिन् । यो अफिसमा के हुन लागेको ? मसँग हुन लागेको चाहि के हो ? यति मेहनत गर्दा पनि काम भएन ? यही काम पहिले हुने, अहिले नहुने ? उनी बोसकोमा पुगिन् र भनिन्, 'मलाई अफिसले निकाल्दै रैछ ?

बोसले ह्युमन रिसोर्स डिपार्टको कुरा आफूलाई जानकारी नहुने बताए ।

त्यो डिपार्ट देखाउनको लागि मात्रै राखिएको हो, त्यहाँबाट हुने हरेक निर्णय तपाईंको हो । त्यसैले मलाई अफिसले किन निकाल्दै छ ? त्यसको कारण मलाई यहाँबाट चाहियो । तपाईंले जुन कामको लागि मलाई हायर गर्नुभएको थियो, त्यो जिम्मेवारीमा म कहाँनिर चुकेको छु ? तपाईं जस्तो कर्मचारी मेरो अफिसमा चाहिएको छ भन्दै मलाई ल्याउनु भएको होइन ? मेरो काममा कम्प्लेन गर्नुस्, त्यो म स्वीकार गर्छु । तर कुरा अरु नै इन्टेसनको हो भने यहाँ मैले तर्क गरेर बस्नुको कुनै फाइदा छैन । यसरी उनले आफ्ना कुरा राखेर बोसको क्याविनबाट निस्किन् ।

त्यो दिन अफिसबाट निस्कने बेला सविनाले साथी अम्विकालाई फोन गरिन् र भेट्न बोलाइन् । बोसले गरेको सबै कुरा बेलीबिस्तार लगाउँदै भनिन्, 'यो मान्छेको हरेक कर्तुत म बाहिर ल्याउँछु' । उनको कुरा सुनेर अम्विकाले जवाफ दिइन्, 'त्यसपछि तिमीलाई कतै जागिर पाइँदैन, बजारमा तिम्रो बदनाम हुनेछ । यो समाजमा नारीले समवेदना पाउन बलात्कृत भएर मारिनुपर्छ, योनीमा भाला रोपिएको लास जङगल वा खेतको कुलोतिर भेटिनुपर्छ । एसिड आक्रमणमा परेर अनुहार जल्नुपर्छ, तब 'कठै विचरी' भन्छ । नत्र तिमीलाई जिस्क्याउनु, घोरिएर हेर्नु, शरीरमा छुनु जस्ता क्रियाकलापलाई पुरुषले जन्मसिद्ध अधिकार मानेको छ । यस्ता सामान्य क्रियाकलाप विरुद्ध आवाज उठायौ भने तिमीलाई नै चरित्रहीन ठहर्याइनेछ । हिसाब नमिलेर आएको घटना भन्नेछन् । साथीले केही राहत देलिन् भन्दा उल्टै निराश बनाइन् । अब मालिकसँग बाझेर उसैको अफिसमा के काम गराइ हुन्छ । त्यसैले उनले जागिर छोड्ने निर्णय गरिन् । आमा बुवा सम्झेर त्यो रात उनी बेस्सरी रोइन् । निम्न वर्गको छोरीले थोरै अगाडि बढ्छु भन्ने सपना देख्न यो शहरमा अभिसाप नै पो रहेछ ।

भोलिपल्ट, सविनालाई ह्युमन रिसोर्सले अफिस बोलायो । अफिसबाट निकाल्ने कुरा नभएको थोरै आफ्नो परफर्मेन्समा ध्यान दिनु मात्र भनेको भन्दै लफडा सुल्झाउनतिर लाग्यो । जागिर नभए काठमाडौंमा टिक्न मुस्किल हुने कुरा सम्झिदैं उनी त्यही दिनदेखि काममा लागिन् । तर हिजो अस्तिसम्म आफ्नै लागेको त्यो अफिस आज विरानो लाग्यो उनलाई । काममा लगाव हराएको थियो । यिनीहरूले चाहेमा जतिबेला पनि मलाई निकाल्न सक्ने रहेछन् भन्ने कुराले मनमा डेरा जमायो । अफिसले कममा बोलाए पनि अब उनलाई त्यो अफिसमा निरन्तरता दिन सक्छु जस्तो लागेन उनलाई । एकदिन अचानक बिना खबर बोसको श्रीमती र छोरी अफिस प्रवेश गरे । एउटा आइएलटिएस पढ्ने केटोले बोसको १४/१५ वर्षकी छोरीलाई देखेर कति च्वाँक केटी भन्यो । केटोले उनीहरू को हुन् चिन्दैनथ्यो । तर दुर्भाग्य केटोको बोली बोसले सुने । आफ्नी टिनेजर छोरीमाथिको त्यो भद्दा शब्दले उनले रिस थाम्न सकेनन् र विद्यार्थी केटोको कठालो समातेर कुट्न थाले

## लोकसेवा प्रश्नहरू

१. तलको मध्ये आन्तरिक सञ्चारको प्रकार कुन हो ?
a) विभागीय b) अन्तरविभागीय
c) दुवै d) कुनै होइन

२. Robbines र Couller ले निर्णय निर्माण प्रक्रियालाई कति चरणमा समेटेका छन् ?
a) 8 b) 9
c) 10 d) 11

३. तलको मध्ये कुन लेखाको दोहोरो उद्देश्य अन्तर्गत पर्दैन ?
a) मौद्रिक मूल्यमा कारोबार पूर्ण अभिलेख राख्नु
b) व्यवसायको लागत घटाउनु
c) अङ्क गणितीय शुद्धताको परिक्षण गर्नु
d) आर्थिक सुचनाको सम्प्रेषण गर्नु

४. लेखापरीक्षण गर्ने क्रममा लेखापरीक्षकले कुन समयमा कम्पनीबाट कागजात लिन सक्दछ ?
a) जुन सुकै समयमा
b) कार्यालय समय भित्र जुन सुकै बखत
c) कम्पनीको व्यवस्थापनले चाहेको समयमा
d) सञ्चालक समितिले तोकेको समयमा

५. लेखापरीक्षले लेखापरिक्षण प्रतिवेदन कसलाई पेश गर्छ ?
a) सञ्चालक समितिलाई b) कम्पनी रजिष्ट्रारको कार्यालयलाई
c) कम्पनीको व्यवस्थापनलाई d) लेखापरीक्षक नियुक्रीकर्तालाई

६. आर्थिक कारोबारलाई डेबिट क्रडिट बराबर हुने गरी लेखा राख्नुपर्दछ भन्ने अवधारणा कुन हो ?
a) लागतको अवधारण b) दोहोरो लेखाको अवधारण
c) भिडानको अवधारण d) मौद्रिक मापदण्डको अवधारण

७. Which of the following assets is most likely to appreciate rather than depraciate ?
a) Land b) Motor vehicles
c) Plant and machinery d) Fixtures and fitting

८. A form that allows individuals to comrate their personal bank account records to the bank's records of the individual'a account balance in order to uncover any possiple discrepancies is known as:
a) Bank statement
b) Income statement
c) Financial statement
d) Bank Reconciliation statement

९. तलको मध्ये कुन आम्दानीलाई नाफा नोक्सान खातामा चढाइँदैन ?
a) व्याज प्राप्त b) लाभांश प्राप्त
c) सम्पत्रिको विक्री d) खराब ऋणको असुली

**भोलिको अङ्गमा उत्तर प्रकाशित हुनेछ ।**


## चैत्र 01 गतेको उत्तरहरू

| प्रश्न | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्तर | D | A | C | C | D | ख | ग | क | घ | क |

# राजनीति समाचार

# एमाले बैठक : स्थानीय तहका उम्मेदवार छान्ने अधिकार जिल्ला, प्रदेश र केन्द्रलाई

नेकपा एमालेले स्थानीय तहका उम्मेदवार छान्ने अधिकार जिल्ला, प्रदेश र केन्द्रलाई दिएको छ । मंगलबार बसेको एमाले सचिवालय बैठकले स्थानीय तहका उम्मेदवार छान्ने अधिकार जिल्ला, प्रदेश र केन्द्रलाई दिएको हो । आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पार्टीबाट हुने उम्मेदवार छान्ने अधिकार जिल्ला, प्रदेश र केन्द्रलाई छुट्टाछुट्टै दिएको एमाले प्रचार विभाग प्रमुख तथा उपमहासचिव पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।



गुरुङका अनुसार वडाअध्यक्ष र वडासदस्यको उम्मेदवार जिल्ला कमिटीले टुंगो लगाउनेछ । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका मेयर र उपमेयरको उम्मेदवार जिल्ला कमिटीको सिफारिसमा प्रदेश कमिटीले निर्णय गर्नेछ । यस्तै महानगरपालिका र उपमहानगरपालिकाका मेयर र उपमेयरको उम्मेदवार जिल्ला र प्रदेश कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले टुंगो लगाउने गुरुङले बताए ।

उनका अनुसार चैत ९ र १० गते केन्द्रीय समितिको बैठक बोलाउने निर्णय गरेको छ । यस्तै चैत ७ गते पोलिटब्युरोको र १३ गते स्थायी कमिटीको बैठक बस्ने उनले जानकारी दिए । केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन पेश गर्नेछन् ।

# सशस्त्र प्रहरी बललाई श्रोत साधन सम्पन्न बनाउनु पर्छ : मन्त्री शाह

वीरगंज,०१ चैत । मधेश प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरतप्रसाद साहले सशस्त्र प्रहरी बललाई साधना श्रोत सम्पन्न बनाउने बताउनु भएको छ । सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेड क्वाटर रौतहटमा मधेश प्रदेश सरकारको आर्थिक सहयोगमा निर्माण हुन लागेको अपरेशनल भवन र जवान मेस भवनको मङ्गलवार एक समारोहका बीच शिलान्यास गर्दै उहाँले सीमा सुरक्षा सहित विशेष परिस्थितिमा सशस्त्र प्रहरीको महत्त्वपूर्ण भूमिका रहँदै आएको बताउनुभयो । सोही समारोहमा उहाँले



दक्षिणी सिमाना भारतसँग जोडिएको मधेश प्रदेशको आठ वटै जिल्लाको सीमा क्षेत्रबाट हुने विभिन्न अवाञ्छित गतिविधि, चोरी तस्करी, आपराधिक गतिविधि नियन्त्रणमा सशस्त्र प्रहरीको प्रशंसनीय कार्य रहेको बताउनु भयो । मधेश प्रदेश सरकारद्वारा विनियोजित सशस्त्र प्रहरी बल ११ नम्बर गण भित्र निर्माण गरिने अपरेशनल भवन र जवान मेसको लागि ६३ लाख रुपैयाँमा निर्माण हुन लागेको छ । सो कार्यको घटाघटमा अमृत निर्माण सेवा राजदेवी रौतहटले भ्याट बाहेक ३३ लाख ८९ हजार १५२ रुपैयाँमा ठेक्का सकार गरेको छ । २०७८ साल जेठ मसान्त भित्र दुवै भवनको निर्माण कार्य सम्पन्न गर्नुपर्ने सशस्त्र प्रहरी बल ११ नम्बर गणको गणपति एवं एसपी ध्रुव कार्कीले बताए ।




धुम्रपान त्यागनु भएकोमा



तपाईलाई धन्यवाद ।

# अन्तर्राष्ट्रिय समाचार

## चीनमा एकैदिन ५ हजार २८० जनामा कोरोना पुष्टि, ११ सहरमा लकडाउन



चीनमा थप ५ हजार २८० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। मंगलबार त्यहाँ ५ हजार २८० जनामा संक्रमण पुष्टि भएको समाचार संस्था एएफपीले जनाएको छ। सबैभन्दा धेरै संक्रमित जिलिन प्रान्तमा देखिएको छ। जिलिनमा मात्रै तीन हजार बढी संक्रमित थपिएको चीनको राष्ट्रिय स्वास्थ्य आयोगले जनाएको छ। चीनमा कोरोना संक्रमण बढ्न थालेपछि कम्तीमा पनि ११ सहर र काउन्टीमा लकडाउन गरिएको छ। एक करोड ७० लाख जनसंख्या भएको प्रविधिको हब मानिएको सहर शेनझेनमा पनि लकडाउन गरिएको छ। झन्डै ३ करोड चिनियाँहरू अहिले लकडाउनमा बस्न बाध्य भएका छन्। चिनियाँ अधिकारीहरूले कडा लकडाउन लागू गरेका छन्। 'जिरो कोभिड'को रणनीति अपनाएर उनीहरूले लकडाउन गरिरहेका हुन्। ६ दिनयता चीनमा दैनिक एक हजार बढी संक्रमित थपिरहेको एएफपीले जनाएको छ। चीनमा अहिलेसम्म एक लाख २० हजार ५०४ जनामा कोरोना संक्रमण पुष्टि र ४ हजार ६३६ जनाको मृत्यु भएको छ।

## सलमान खानले गरे बिहे ! यो घोषणा आफैले भिडियो शेयर गरेर गरे



सुपरस्टार सलमान खान सामाजिक सञ्जालमा निकै सक्रिय छन् । उनी फ्यानसँग जोडिनका लागि केही न केही पोस्ट गरिरहन्छन् । अहिले उनले एउटा यस्तो भिडियो सेयर गरेकी छिन् जसले इन्टरनेटमा निकै हंगामा मच्चाएको छ । यो भिडियोमा सलमानले आफ्नो विवाहको बारेमा यस्तो कुरा भनेका छन्, जुन सुनेर कसैको पनि होश उड्नेछ । लाखौं फ्यानहरु सलमान खानको बिहेको प्रतिक्षामा छन् ।

तर अहिले सलमान आफैंले विवाह गरेको खुलासा गरेका छन् । आखिर के हो थाहा छ ?

के भयो सलमान खानको बिहे ?

सलमान खानले आफ्नो इन्स्टाग्राम अकाउन्टमा एउटा भिडियो सेयर गरेका छन्, जसमा उनले आफूले विवाह गरेको बताएका छन् । भिडियोमा 'हम आपके है कौन' फिल्मका प्रेम सलमान खानलाई सोध्छन्, 'और शादी? यसका लागि उनी भन्छन्, 'यो सकियो।' यो सुनेर प्रेम छक्क पर्यो । यो भिडियोसँगै सलमान खानले क्याप्शनमा लेखेका छन्, 'यो भयो कि भएन' जान्नको लागि भोलि हेर्नुहोस्।' वास्तवमा यो भिडियो एउटा कम्पनीको विज्ञापनको हो जसलाई सलमान खानले समर्थन गरिरहेका छन् ।

सोनाक्षीसँगको तस्बिर भाइरल

केही दिन अघि सलमान खानको एउटा तस्बिर भाइरल भएको थियो जसमा उनी सोनाक्षी सिन्हालाई दुलहीको पोशाकमा औँठी लगाएको देखिएका थिए । तर, यो फोटो फेक सावित भयो ।

धेरैले विश्वास गरे कि दुबै स्टारले गोप्य रूपमा विवाह गरे। सोनाक्षी सिन्हाले पनि यो खबरलाई लिएर प्रतिक्रिया दिएकी छिन् । इन्स्टाग्राम अकाउन्टमा सेयर गरिएको तस्बिरमा टिप्पणी गर्दै उनले लेखेका छन्, 'के तिमी यति मुर्ख छौ कि वास्तविक र मोर्फ गरिएको (परिवर्तित) तस्बिरको भिन्नता बताउन सक्नुहुन्न ।

सलमान खानको वर्कफ्रन्टको कुरा गर्ने हो भने, उनी अहिले 'टाइगर ३' को लागि हेडलाइनमा छन्, जसमा उनी एकपटक कट्रिना कैफसँग देखिनेछन् । भर्खरै फिल्मको टिजर सेयर गरिएको थियो, जसलाई फ्यानहरुले राम्रो प्रतिक्रिया पाइरहेका थिए । यो फिल्म २१ अप्रिल २०२३ मा सिनेमाघरहरूमा रिलिज हुनेछ। यस बाहेक सलमान खानसँग 'किक २' र 'कभी ईद कभी दिवाली' जस्ता फिल्महरू छन् जुन एकपछि अर्को गर्दै थिएटरमा धकेल्दैछन् ।


**अब तपाई पनि पत्रकार**

तपाईको गाउं, शहर, समाजमा कुनै घटना, दुर्घटना अथवा अपराध हुँदैछ ? भने हामीलाई जानकारी दिनुहोस् । हामी पुऱ्याउँछौ तपाईहरूको आवाजलाई जनता समक्ष ।

सम्पर्क नं.: ९८५५०१२७०१


**पत्रिका पढेर साथ दिनुभएकोमा धन्यावाद । हामी पाठकवर्गहरूको सल्लाह सुझावहरूको ध्यानमा राखि अगाडी बढ्ने छौ ।**

## आजको राशिफल

**मेष** शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। प्रतिष्ठित काम गर्ने मौका छ। चिताएका काम सजिलै सम्पादन हुनेछन्। पढाइलेखाइमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। सन्तान वा सहयोगीले प्रसन्नता दिलाउनेछन्। आफ्नो प्रतिभाको कदर हुनेछ। बौद्धिक प्रतिस्पर्धामा पनि अरूलाई उछिन्न सकिनेछ।

**वृष** पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ। अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ। कृषि तथा पशुधनले लाभ दिलाउनेछ। पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ। शुभचिन्तकहरूलाई साथ लिएर काममा जुट्नुहोला, सफलता प्राप्त हुनेछ।

**मिथुन** विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर नयाँ का

**कर्कट** बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। सानो प्रयत्नले चल-अचल सम्पत्ति लाभ हुने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। सहयोगीहरूले हिम्मत दिलाउनेछन्। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। सुखद समाचारले आजको दिन उत्साहपूर्ण रहनेछ।

**सिंह** मिहिनेतले जिम्मेवारी दिलाउनेछ भने सजिलै लक्ष्यमा पुग्न सकिनेछ। रोकिएका काम सम्पादन हुनेछन्। विशेष जिम्मेवारी प्राप्त हुने समय छ। सानो प्रयत्नले धेरैको भलाइ हुनेछ। भेटघाटले महत्वपूर्ण कामको जग बसाउने अवसर दिलाउनेछ। समाजमा सम्मानित स्थान प्राप्त हुन सक्छ। तारिफयोग्य काम गर्दै राम्रो उपलब्धि हातपार्न सकिनेछ।

**कन्या** छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपरे पनि लागेको मूल्य उठाउन सकिनेछ। आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ। लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ। केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ।

**तुला** मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आयआर्जनका स्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ। तर अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्न सक्छन्।

**वृश्चिक** मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला। रुचिका विषयमा लगानी समेत बढाउन सकिनेछ।

**धनु** तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। परिश्रमले धेरैको मन जित्न सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ। समुदायको हितमा केही काम गर्न सकिनेछ। विशेष जिम्मेवारी प्राप्त हुनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। केही श्रम परे पनि आजको मिहिनेतले पछिसम्म लाभ दिलाउन सक्छ।

**मकर** आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ। फजुल खर्च बढ्ने र आर्थिक क्रियाकलापमा बाधा पुग्ने देखिन्छ। बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला। शुभचिन्तकहरूको साथ जुट्नाले पछि फाइदा हुने काम भने प्रारम्भ गर्न सकिनेछ।

**कुम्भ** खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ। साथीभाइको सहयोगले आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ।

**मीन** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नाले फाइदा हुने काम सुरु हुनेछ। प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने मुद्दामा पनि विजयी भइनेछ।


घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
वीरगञ्ज महानगरपालिका कार्यालय

जन्म दर्ता, मृत्युदर्ता, विवाह दर्त सम्बन्ध विच्छेद र व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पर्सागढी नगरपालिका कार्यालय

घरघरमा शौचालय बनाऔं, राष्ट्रिय भियानमा सहयोग पुऱ्याऔं ।
बहुदरमाई नगरपालिका कार्यालय

सडक किनारामा गाईवस्तु नछौडौं, सभ्य नागरिक बनाऔं ।
पोखरिया नगरपालिका कार्यालय

पर्यटकीयस्थलको संरक्षण र प्रचार गरौं, विकासमा जुटौं ।
ठोरी गाउँपालिका कार्यालय

शौचालयको निर्माण गरौं, गाउँलाई खुल्ला दिशामुक्त बनाऔं ।
विन्दवासिनी गाउँपालिका कार्यालय

निर्धारित मापदण्डको पालना गरौं, ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाउँपालिका कार्यालय

# लागुऔषधसहित दुई पक्राउ

प्रहरीले लागुऔषधसहित दुई जनालाई काठमाडौंबाट पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त कालीमाटीबाट खटेको विशेष टोली लागुऔषधसहित दुई जनालाई काठमाडौं-१३ टंकेश्वरस्थित सडकखण्डमा पक्राउ गरेको हो। महानगरीय प्रहरी वृत्त कालीमाटीका प्रमुख प्रहरी नायब उपरीक्षक अनिल घिमिरेका अनुसार पक्राउ पर्नेमा जिल्ला धादिङ त्रिपुरा सुन्दरी गाउँपालिका वडा नं. ०४ घर भई हाल काठमाडौं महानगरपालिका-१२ टेकु बस्ने २० को अनिश थापा मगर र भारत उत्तर प्रदेश महाराजगञ्ज जिल्ला वरमाभोजका १९ वर्षीय अजय गौतम छन्। पक्राउ परेका उनीहरूको साथबाट प्रहरीले लागुऔषध नाइट्राभेट ९०० पिस र एण्ड्रोइड मोबाइल दुई थान बरामद



गरेको छ। पक्राउ परेका दुई जनालाई लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम महानगरीय प्रहरी वृत्त कालीमाटीबाट थप अनुसन्धान भई रहेको प्रहरी जनाएको छ।

# १४ अर्ब बजेट स्थानीय निर्वाचनका लागि विनियोजन

काठमाडौं । अर्थ मन्त्रालयले आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न गर्न सेना वाहेकका निकायलाई करिब १४ अर्ब रुपैयाँ उपलब्ध गराउने भएको छ । अर्थले उक्त रकम निर्वाचन आयोग, गृह मन्त्रालय अन्तर्गतको नेपाल प्रहरी र सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई उपलब्ध गर्ने भएको हो । 'स्थानीय तहको निर्वाचनको लागि नेपाली सेनालाई कति रकम उपलब्ध गराउने भन्ने विषयमा निर्णय भइसकेको छैन । सेनाले प्रस्ताव पठाएको छ, अहिले त्यसमाथि छलफल चलिरहेको छ,' अर्थ मन्त्रालयका प्रवक्ता ढुण्डी प्रसाद निरौलाले भने । सरकारले गत माघ महिनामा २०७८ वैशाख ३० गते एकै चरणमा देशका ७५३ स्थानीय तहमा निर्वाचन गर्ने घोषणा गरेको थियो । त्यसपछि सम्बन्धीत निकालयले निर्वाचन सम्पन्न गराउन आवश्यक पर्ने बजेटको व्यवस्था गरिदिन अर्थ मन्त्रालयलाई अनुरोध गरेका थिए । सम्बन्धित निकायका माग अनुसार अर्थले रकम उपलब्ध गराउने निर्णय गरेको हो । प्रवक्ता




निरौलाका अनुसार स्थानीय तह निर्वाचनको लागि निर्वाचन आयोगलाई ८ अर्ब ११ करोड रुपैयाँ उपलब्ध गराउने निर्णय भइसकेको छ । गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरी र सशस्त्र प्रहरी वल, नेपाललाई ६ अर्ब २९ करोड रुपैयाँ उपलब्ध गराउने निर्णय अर्थले गरेको छ । यस्तै, राष्ट्रिय अनुसन्धान विभागलाई ३ करोड ५ लाख रुपैयाँ उपलब्ध गरिने छ । यसअघि २०७४ सालमा तीन चरणमा सम्पन्न स्थानीय तह निर्वाचनको लागि निर्वाचन आयोगले ७ अर्ब २८ करोड ४९ लाख ७२ हजार रुपैयाँ बजेट मागेको थियो । २०७४ सालको स्थानिय तह निर्वाचनमा निर्वाचन आयोगले मात्र पहिलो र दोस्रो चरणमा ६ अर्ब ३ करोड ३९ लाख ९९ हजार रुपैयाँ र तेस्रो चरणमा ९४ करोड ५२ लाख १४ हजार ६९९ रुपैयाँ खर्च गरेको थियो ।

# पर्सागढि नगरपालिकामा आधार भुत स्वास्थ्य चौकीको स्थापना

वीरगंज । पर्साको पर्सागढि नगरपालिका वडा नं. १ र ३ मा आधारभुत स्वास्थ्य चौकीको स्थापना गरिएको छ । वडा नं. १ बिरुवा चौकमा स्थापना भएको आधारभुत स्वास्थ्य चौकीको सोमबार नगर प्रमुख लोकनारायण यादवले उद्घाटन गरेका थिए । नगरपालिकाकाले स्थापना गरेको स्वास्थ्य चौकीमा गर्भवती महिलाहरुले चार पटक सम्म चेकजाँच गराउँदा यातायात खर्च समेत दिने व्यवस्था गरिएको छ । वडाध्यक्ष उद्धव बहादुर उप्रेतीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नगर उप प्रमुख अर्चना चौधरी लगायतको उपस्थिती रहेको थियो । त्यसै गरी वडा नं. १ मा पनि स्थापना भएको आधारभूत स्वास्थ्य चौकीको सोमबार उद्घाटन गरीएको छ । वडा नं. १ का वडाध्यक्ष तुलाराम महतोको अध्यक्षता भएको उद्घाटन कार्यक्रममा नेपाली काँग्रेस पर्सागढीका




नगर संयोजक बिशमोहन दास थारू, उप सभापति अच्छेलाल प्रसाद यादव, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादव लगायतकाले मन्तव्य राखेका थिए भने कार्यक्रमको संचालन शम्भु पडितले गरेका थिए ।

## जगरनाथपुरको नेपाल.....

विद्यालयका प्रधानाध्यापक नैज्लुदिन मियाँ तेलीले विद्यालयमा तालाबन्दी भएको खबर पाएको बताए । आफू कार्यालयकै कामका कारण वीरगञ्जमा आएको बताउँदै प्रधानाध्यापक तेलीले विद्यार्थीहरुको माग सम्बोधनका लागि पहल गरेपनि गाउँपालिकाले शिक्षक नियुक्ती नगरेको स्पष्टिकरण दिए । उनले भने, 'मैले पहल गरेको छु। शिक्षक नियुक्तीका लागि पालिकाले विज्ञापन खोलेर परीक्षा पनि लिईसकेको छ। तर शिक्षक नियुक्ती गर्न ढिलाई भईरहेको छ ।' उनका अनुसार हाल विद्यालयमा ९ जना शिक्षक कार्यरत छन् । शिक्षक अभाव भएको स्विकार गर्दै तेलीले विद्यालयमा अनियमितता हुने भन्ने कुरा निराधार रहेको दावी गरे । वडा नम्बर ५ का वडाअध्यक्ष बिहारी महतो नुनियाले शिक्षक नियुक्ती गर्ने आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर पर्ने भएकाले आफूले केही गर्न नसकेको स्पष्टिकरण दिए ।

## प्रसौनी गाउँपालिका.....

गुज्रेको पाईएको र अन्यमा म्याद नै नलेखिएको पाईएको अनुगमन समिती सदस्य तथा बारा उद्योग बाणिज्य संघका प्रतिनिधि महेश कुमार मोदकले बताए ।

मोदकले धेरै पसलहरुमा नियमानुसार दर्ता नभैइ सन्चालनमा रहेको पाइएको जनाए । औषधि पसलहरुमा समेत अनुगमन गरिएको र मासु पसलहरुमा आवश्यकता अनुसारको सरसफाइ नपाईएको अनुगमन समिती सदस्य एवम ईलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी नायब निरीक्षक नारायण भट्टराईले जनाएका छन ।

बजार अनुगमन गर्दा सब भन्दा ठूलो उपलब्धी गाउपालिका अन्तरगत व्यवसाय दर्ता गर्नुपर्ने छ भनेर सबैले बुझेको र यो हाम्रो लागि ठूलो उपलब्धि भएको गाउपालिकाको व्यवसाय दर्ता शाखा प्रमुख राहुल गुप्ता ले बताए । बजार अनुगमन गर्न आएका प्रतिनिधि हेरि प्रसौनी बजारका सटर धमाधम बन्द अनुगमन टोलिमा उपाध्यक्ष साह सङ्गै विषयगत प्रतिनिधि सुरेश कुमार साह,सन्चारकर्मी साजिर मन्सूर,आमन्त्रित सदस्यहरु प्रमुख प्रशासकिय अधिकृत सुनिल प्रसाद केशरी,प्रशासन शाखा प्रमुख निशा थापा,लेखा अधिकृत लगायतकाको सहभागिता रहेको थियो ।

अनुगमनका क्रममा प्रसौनी बजारका ३० वटा पसलमा अनुगमन गरिएको थियो ।

## पोखरिया अस्पतालका....

लगायतका कार्यमा निजी क्षेत्रले खेलेको भूमिकाले निजी क्षेत्रज्ञ सामाजिक कार्यमा पनि त्यतिकै सक्रिय रहेको देखिएको उनको भनाई छ । उनले स्थानीय सरकारले निजीक्षेत्रसँगको सहकार्य एवम् समन्वयमा विकास निर्माणका कार्य गर्दा त्यसबाट आउने परिणाम कतिको सार्थक हुन्छ भन्ने कुरा पोखरिया अस्पतालको निर्माणले देखाएको उनले बताए । उनले स्रोत साधनहरुलाई अधिकतम सदुपयोग गरी यस क्षेत्रका जनताहरुलाई प्रभावकारी सेवा प्रदान गर्न सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई आग्रह गरे ।
बीउवासङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ताले निजीक्षेत्रको विकास विस्तारको लागि पहल, पैरवी गर्ने कार्यमा मात्रै नभई बीउवासङ्घले स्थानीय विकास निर्माण तथा सामाजिक कार्यमा पनि त्यतिकै सक्रिय रहेको बताए । उनले बीउवासङ्घले करिब एक वर्ष अगाडि नारायणी अस्पतालको सघन बाल उपचार कक्ष निर्माण गरेको बताउनु हुँदै पोखरिया अस्पतालको शल्य चिकित्सा कक्ष र सघन उपचार कक्षलाई त्यस्तै सामाजिक कार्यको दोस्रो संस्करणको रुपमा लिन सकिने बताए । बीउवासङ्घले आगामी दिनहरुमा अझ आफ्नो दायरा बढाउदै विकास निर्माण, सामाजिक सेवा लगायतका कार्यहरुमा सक्रियता बढाउदै जाने गुप्ताले प्रतिबद्धता जनाए । कार्यक्रममा पर्साका प्रजिअ उमेशकुमार ढकाल, पोखरिया नगरपालिकाका नगर प्रमुख दिपनारायण रौनियार, उपमेयर सलमा खातुन, संविधानसभा सदस्य प्रद्युमनप्रसाद चौहान, नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य एवम् स्वास्थ्य समितिका सभापति हेमराज ढकाल, रा.ज.पा.का केन्द्रीय सदस्य निजामुदिन समानी, लोकतान्त्रिक समाजवादी पार्टीका जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफ लगायत पोखरिया नगर वरपरका आम सर्वसाधारणको बृहत उपस्थिति रहेको उक्त कार्यक्रममा सङ्घका पदाधिकारी, का.स.स. तथा उद्यमी, व्यवसायीहरुको सक्रिय सहभागिता रहेको थियो ।
सोही क्रममा बीउवासङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ताको अध्यक्षतामा आजै सङ्घमा नेउवामहासङ्घका पूर्व उपाध्यक्ष उमेशलाल श्रेष्ठ, नेउवामहासङ्घका केन्द्रीय सदस्यहरु, विभिन्न वस्तुगत सङ्घ संस्थाका अध्यक्ष तथा पदाधिकारीहरु एवम् बीउवासङ्घका पदाधिकारी, का.स.स.हरु बीच विद्यमान आर्थिक अवस्थाका साथै कर, भंसार, राजस्व, बैंक तथा वित्तीय संस्था, बीमा, पूर्वाधार विकासका सम्बन्धमा विस्तृत छलफल गरिएको थियो । मोफसलका समस्याहरुलाई राष्ट्रिय बहसमा प्राथमिकताका साथ सरोकारवालाको गम्भीर ध्यानाकर्षण गराउने तर्फ छलफलले जोड दिएको छ ।

# सांसदहरुमा नै एकरूपता भएन : भीम रावल

काठमाडौं,०१ चैत । नेकपा एमालेका नेता डा. भीम रावलले राष्ट्रियता सम्बन्धिका धेरै विषयहरुमा सांसदहरुमा नै एकरुपता हुन नसकेको बताउनुभयो ।
मंगलबार सिंहदरबारमा बसेको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मुल्यांकन समितिको बेठकमा बोल्दै नेता रावलले राष्ट्रियता सम्बन्धिका धेरै विषयहरुमा सांसदहरुमा नै एकरुपता हुन नसकेको बताउनुभएको हो ।
उहाँले राष्ट्रियता सम्बन्धिका विषयमा सरकार र प्रधानमन्त्रीलाई घच्घच्याउन आवश्यक रहेको पनि बताउनुभयो । नेता रावलले प्रधानमन्त्रीलाई निर्देशित गर्ने समितिमा आजसम्म पनि प्रधानमन्त्री उपस्थित नहुनु दुःखद् भएको बताउनुभयो । उहाँले सबै नेतृत्वकर्ताहरुले देश र जनताप्रति



उत्तरदायी भएर काम गर्नुपर्ने पनि बताउनुभयो ।
यसैबीच राष्ट्रियसभा अन्तर्गतको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मुल्यांकन समितिले पदावधि सकिएका तीन जना राष्ट्रियसभा सदस्यहरुलाई बिदाई गरेको छ ।


दैवि प्रकोपबाट बच्न समयमै सतर्कता अपनाऔं । — सखुवाप्रसौनी गाउँपालिका कार्यालय

वातावरण जोगाऔं, दिर्घ जीवनमा जुटौं । — छिपहरमाई गाउँपालिका कार्यालय

गरिबी हटाऔं, दिगो कृषि विकासको निम्ती जुटौं । — जगरनाथपुर गाउँपालिका कार्यालय

स्वरोजगार बनौं, गरिबी हटाऔं । — कालिकामाई गाउँपालिका कार्यालय

छुवाछुत विरुद्ध जुटौं,सबै क्षेत्रमा समानता दिलाऔं । — धोबिनी गाउँपालिका कार्यालय

पारदर्शी बनौं भ्रष्टचार रोकौं । — पकाहामैनपुर गाउँपालिका कार्यालय

बेटी पढाऔं बेटी बचाऔं । — पर्टेवा सुगौली गाउँपालिका कार्यालय